# राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका,२०७८

**विभागबाट स्वीकृत मितिः २०७८/९/३०**

**<u>प्रस्तावना</u>** : अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी कामकारवाहीलाई सहजीकरण गर्न तथा भन्सार जाँचपासलाई सरलीकरण गर्नको लागि निकासी पैठारीसँग सम्बन्धित निकायलाई भन्सार प्रणालीको एउटै विद्युतीय प्रणालीमा आवद्ध गरी निकासी पैठारी प्रकृयामा प्रयोग हुने आवेदन **तथा** प्रमाणपत्रलाई विद्युतीय माध्यमबाट सम्प्रेषण, प्रशोधन र जारी गर्ने गरी राष्ट्रिय एकद्वार प्रणालीको सञ्चालन गर्न वाञ्छनीय भएकोले भन्सार ऐन,२०६४ को दफा ९३ को खण्ड (छ१) ले दिएको अधिकार प्रयोग गरी भन्सार विभागले यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम विस्तार र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका,२०७८" रहेको छ ।

(२) यो निर्देशिका अन्तराष्ट्रिय व्यापार वा भन्सार जाँचपाससँग सम्बन्धित कार्यका लागि व्यवसायी तथा अनुसूचीमा उल्लेख भए बमोजिमका निकायहरूमा लागू हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "अनुमतिपत्र" भन्नाले व्यवसायीले माल वस्तु निकासी वा पैठारीको लागि प्रचलित कानून बमोजिम प्राप्त गरेको इजाजतपत्र, अनुज्ञापत्र, लाइसेन्स, परमीट, सर्टिफिकेट, प्रतितपत्र वा खास प्रयोजनका लागि अनुमति प्रदान गरिएका यस्तै प्रकृतिका अन्य अनुमतिपत्र समेत सम्झनु पर्दछ।

(ख) "एकद्वार प्रणाली" भन्नाले अन्तराष्ट्रिय व्यापार तथा भन्सार जाँचपास सम्बन्धी काम कारवाहीहरु कम्प्युटर वा मोबाइल एप्लिकेशन मार्फत व्यावसायीहरुसम्म र व्यावसायीले आफूले लिने सेवाको निमित्त कम्प्युटर वा मोबाइल एप्लिकेशन मार्फत सम्बन्धित कार्यालयहरुमा प्रचलित कानूनले तोकेबमोजिमको विवरण पेश गर्न भन्सार ऐन, २०६४ को दफा ८९ङ को उपदफा (१) बमोजिम स्थापना गरिएको राष्ट्रिय एकद्वार प्रणाली सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्दछ ।

(घ) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम दर्ता भएको कुनै कम्पनी, संगठित संस्था र फर्म समेतलाई जनाउँदछ।

(ङ) "व्यवसायी " भन्नाले यो निर्देशिका बमोजिम अन्तराष्ट्रिय व्यापार तथा निकासी वा पैठारी कार्यमा संलग्न व्यक्ति सम्झनु पर्दछ।

(च) “भन्सार जाँचपास” भन्नाले निकासी वा पैठारी गर्ने प्रयोजनका लागि आवश्यक पर्ने जुनसुकै प्रकारका अनुमतिपत्रका लागि आवेदन लिने, त्यस्तो अनुमतिपत्र प्रदान गर्ने, मालवस्तु जाँचपास गर्नुपूर्व प्रचलित कानून बमोजिम भन्सार अधिकृत वा व्यवसायीले पूरा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया तथा भन्सार अधिकृतले मालवस्तु निकासी वा पैठारी गर्न अनुमति दिनेसमेतका क्रियाकलापलाई जनाउँदछ।

(छ) "सरोकारवाला निकाय” भन्नाले ऐनको दफा ८९ङ को उपदफा (३) बमोजिम अनुसूचीमा उल्लेख भएका निकासी वा पैठारीसँग सम्बन्धित सरोकारवाला निकाय सम्झनु पर्दछ।

३. **<u>एकद्वार प्रणाली सञ्चालन सम्बन्धी व्यवस्था</u>** : (१) ऐनको दफा ८९ङ को उपदफा (२) बमोजिम अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित सेवाहरू एउटै विद्युतीय पोर्टलबाट उपलब्ध गराउने प्रयोजनको लागि विभागले एकद्वार प्रणालीको सञ्चालन गर्नेछ ।

(२) नेपाल सरकारका विभिन्न निकायबाट प्रदान गरिने अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित सेवाहरू एउटै विद्युतीय पोर्टलबाट उपलब्ध गराउने र भन्सार जाँचपास सम्बन्धी सेवा प्रदान गर्ने निकायले सेवा प्रवाह गर्ने प्रयोजनको लागि सूचना प्रकाशन गरी ऐनको दफा ८९ङ को उपदफा (४) बमोजिम एकद्वार प्रणाली कार्यान्वयन गरिनेछ ।

(३) अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित सरोकारवाला निकायहरुले एकद्वार प्रणाली मार्फत कार्य गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकद्वार प्रणालीको सञ्चालन गर्न नसक्ने मनासिव कारण भएमा र सरोकारवाला निकायले कारण सहित विभागमा अनुरोध गरेमा आवश्यक सहजीकरणका लागि विभागले अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउनेछ ।

४. **<u>कर्मचारीको व्यवस्था</u>** : एकद्वार प्रणाली सञ्चालनको लागि आवश्यक पर्ने प्रशासनिक तथा प्रविधिक कर्मचारीको व्यवस्था विभागले गर्नेछ ।

५. **<u>वेवसाइटको स्थापना</u>** : (१) ऐनको दफा ८९ङ को उपदफा (1) बमोजिम स्थापना भएको एकद्वार प्रणालीको संचालन वेवसाइट मार्फत हुनेछ।

(२) उपदफा (१) बमोजिमको वेवसाइटको ठेगाना www.nnsw.gov.np हुनेछ।

६. **<u>एकद्वार प्रणाली मार्फत कार्य गर्नु पर्ने</u>**: सरोकारवाला निकायले अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित इजाजतपत्र,अनुमतिपत्र, प्रमाणपत्र,सिफारिस वा अन्य आवश्यक सूचना दफा ५ बमोजिम स्थापना भएको वेवसाइट मार्फत गर्नु पर्नेछ ।

७. **<u>एकद्वार प्रणाली प्रयोगको लागि खाता खोल्नुपर्ने</u>**: (१) एकद्वार प्रणाली प्रयोग गर्न चाहने व्यक्तिले प्रणालीमा खाता खोली प्रयोगकर्ता (युजर आइडी ) र प्रवेशकुञ्जि (पासवर्ड) प्राप्त गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम युजर आइडी र पासवर्ड प्राप्त गर्ने व्यक्तिले सो प्रणालीमा प्रवेश गरी दफा ८ बमोजिमका सेवाहरू लिन वा दिन सक्नेछन्।

८. **<u>एकद्वार प्रणालीको प्रयोगबाट दिन वा लिन सकिने सेवाहरू</u>:** (१) व्यवसायीले प्रणालीको प्रयोगबाट देहाय बमोजिमका सेवाहरु लिन सक्ने छन् :

(क) अनुमतिपत्रको लागि प्रणालीमा विकास गरिएको पृष्ठमा आवश्यक विवरण भरी आवेदन दिने,

(ख) अनुमतिपत्रको म्याद नवीकरण गर्ने,

(ग) अनुमतिपत्रको प्रत्येक चरणको जानकारी स्वचालित रुपमा प्राप्त हुने,

(घ) भौतिक परीक्षणको लागि प्रणालीमा निवेदन पेश गर्ने,

(ङ) प्रणालीबाट उपलव्ध हुने अन्य सेवाहरु प्राप्त गर्ने ।

(२) एकद्वार प्रणालीमा आवद्ध सरोकारवाला निकायले दिने सेवाहरू देहाय बमोजिम हुने छन्:

(क) व्यवसायीले एकद्वार प्रणालीमा पेश गरेको कागजात जाँच गर्ने।

(ख) खण्ड (क) बमोजिम कुनैं कागजात वा भरेको विवरणको सम्बन्धमा चेकजाँच गर्दा पेश भएको कागजात तथा भरेको विवरण ठीक भएमा आफूभन्दा माथिको अधिकृत समक्ष पेश गर्ने।

(ग) खण्ड (क) बमोजिम कागजातहरुको चेकजाँच गर्दा कागजात वा भरेको विवरणको सम्बन्धमा स्पष्ट हुन आवश्यक भएमा चेकजाँच गर्ने कर्मचारीले व्यवसायीलाई स्पष्ट गरी पठाउन अनुरोध गर्ने।

(घ) खण्ड (ग) बमोजिम व्यवसायीलाई स्पष्ट गरी पठाउन अनुरोध गरिए बमोजिमको कागजात वा विवरण पुनः प्राप्त हुन आएमा कागजात तथा भरेको विवरण ठीक भएमा आफू भन्दा माथिको अधिकृत समक्ष पेश गर्ने ।

(ङ) खण्ड (ख) वा (घ) बमोजिम कागजात तथा भरेको विवरण चेकजाँच गरी पेश गरिएको अनुमतिपत्र सम्बन्धित कार्यालय प्रमुख वा निजले अख्तियारी दिएको अधिकृतले स्वीकृत गर्ने ।

(च) अनुमतिपत्र भएका व्यवसायीद्वारा भौतिक परीक्षणका लागि निवेदन पेश भएमा सरोकारवाला निकायका कर्मचारीले अनुमतिपत्र बमोजिमको मालवस्तु भए नभएको परीक्षण गरी भन्सार जँचपासको लागि सिफारिस गर्ने ।

(छ) खण्ड (च) बमोजिम बाहेक अनुमतिपत्र नभएका व्यवसायीद्वारा भौतिक परीक्षणका लागि निवेदन पेश भएमा सरोकारवाला निकायका कर्मचारीले भौतिक परीक्षण गरी पुनः सोही बमोजिमको प्रक्रिया अवलम्बन गर्ने ।

९. **<u>एकद्वार प्रणालीबाट सूचना पठाउन सकिने</u>** : अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित प्रचलित कानून बमोजिम निकासीकर्ता वा पैठारीकर्तालाई पठाउनु पर्ने सूचना एकद्वार प्रणाली मार्फत स्वचालित रुपमा पठाउन र प्राप्त गर्न सकिनेछ ।

१०. **<u>अनुमतिपत्रको दस्तुर भुक्तानी</u>** : (१) व्यवसायीले अनुमतिपत्रको लागि बुझाउनु पर्ने दस्तुर प्रचलित कानूनले तोके बमोजिमको विद्युतीय माध्यमको प्रयोग गरी बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट बुझाउनु पर्ने दस्तुर उक्त माध्यमबाट बुझाउन नसकिने मनासिव कारण भएमा देहायको माध्यमबाट दस्तुर बुझाउन अनुमति दिन सकिनेछः

(क) तोकिएको बैंकमा दस्तुर बुझाई कार्यालयमा बैंक भौचर पेश गर्ने ।

(ख) दस्तुर बुझिलिने कार्यालयमा दस्तुर बुझाई नगदी रसिद लिने ।

(ग) तोकिए बमोजिमका अन्य तरिकाबाट दस्तुर बुझाउने ।

११. **<u>विभागले समझदारीपत्र (MoU) गरी कार्य गर्न सक्ने</u>** : (१) एकद्वार प्रणाली सञ्चालनको निमित्त विभागले सरोकारवाला निकायसँग समझदारीपत्र (MoU) मा हस्ताक्षर गरी देहाय बमोजिमका कार्य गर्न सक्नेछः

(क) सरोकारवाला निकायलाई एकद्वार प्रणालीमा अनुमतिपत्र प्रशोधन (Processing) कार्यान्वयन गर्न आवश्यक पर्ने वेभ सर्भिस (Web Services) उपलब्ध गराउने।

(ख) सरोकारवाला निकायलाई अनुमतिपत्र प्रशोधन (Processing) गर्ने स्वीकृतिको लागि आवश्यक प्रणालीको Web Portal मा User Management Workflow तयार गर्न सघाउने ।

(ग) तथ्यांक (Data) को सुरक्षा र एकद्वार प्रणालीको स्थायित्व (Stability) को विश्वसनीयता प्रदान गर्ने ।

(घ) एकद्वार प्रणालीमा कुनै समस्या उत्पन्न भएमा निराकरणको लागि आवश्यक पहल गरिदिने ।

(ङ) शुरूमा एकपटकलाई इन्टरनेट सुविधा प्रदान गर्ने सेवा प्रदायकले उपलब्ध गराउने सुविधाको आधारमा उच्च गतिको इन्टरनेट सर्भिस उपलब्ध गराउने ।

(च) एकद्वार प्रणालीमा वेभ सर्भिस (Web Services) र वेभ सर्भिस पँहुच (Web Services Access) मा कुनै परिवर्तन भए वा गर्नु पर्ने आवश्यक परेमा

सरोकारवाला निकायलाई समयमै त्यसको जानकारी दिने र आवश्यक समन्वय गर्ने ।

(छ) छनोट गरिएका व्यापारमा आवद्ध व्यक्तिहरु र सरोकारवाला निकायका कर्मचारीहरुलाई युजर म्यानेजमेण्ट (User Management) सम्वन्धी र अन्य आवश्यक तालिम प्रदान गर्ने ।

(ज) नेपाल राज्यभर प्रणालीको कार्यान्वयन र विस्तार गर्नका लागि प्रशिक्षक प्रशिक्षण तालिम (TOT) प्रदान गर्ने ।

(झ) एकद्वार प्रणालीको कार्यान्वयन गर्दा आउन सक्ने समस्या र सरोकारवालाहरुको समस्या समाधान गर्न आवश्यक सहयोगी डेस्क (Help Desk) स्थापना गर्ने तथा अन्य निकायलाई आवश्यकता अनुरुप प्राविधिक सेवा उपलब्ध गराउने ।

(ञ) एकद्वार प्रणालीको लागि आवश्यक पर्ने सवै किसिमको हार्डवेयरहरु (Computers and Peripherals) र त्यसका लागि आवश्यक पर्ने फर्निचर सुविधा उपलब्ध गराउने ।

(ट) एकद्वार प्रणालीमा आवद्ध भई कामकाज गर्न सहजताका लागि सरोकारवाला निकायलाई शुरूमा एकपटक पर्याप्त प्राविधिक जनशक्ति उपलब्ध गराउने ।

(ठ) विभाग र सरोकारवाला निकायका बीचमा समय समयमा भएका समझदारीपत्र (MoU) मा व्यवस्था भए बमोजिमका अन्य कार्य गर्ने ।

१२. **<u>सरोकारवाला निकायका लागि समावेश गर्न सकिने कार्यहरु</u>** : (१) विभागले समझदारीपत्र (MoU) हस्ताक्षर गर्दा सरोकारवाला निकायका लागि देहाय बमोजिमका कार्य समावेश गर्नु पर्नेछः

(क) एकद्वार प्रणालीमा आवद्द भई कामकाज गर्दा सम्बन्धित कानूनको परिधिभित्र रहेर कार्य सञ्चालन गर्ने ।

(ख) विभागले स्थापना गरेको एकद्वार प्रणालीमार्फत अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित अनुमतिपत्र, इजाजत, प्रमाणपत्र र अन्य कार्यको लागि अनुमतिपत्र (License, Permit, Certificate and Others) वितरण र कार्यान्वयनमा ल्याउने ।

(ग) प्रणालीको एउटा साझेदारीको रुपमा स्वामित्व (Ownership) ग्रहण गर्ने।

(घ) विभागले वेभ सर्भिस (Web Services) मा उपलब्ध गराएको विभिन्न किसिमको जानकारीहरु प्राप्त गर्ने र उपयोग गर्ने ।

(ङ) एकद्वार प्रणालीका वेभ सर्भिस (Web Services) का सम्बन्धमा कुनै परिवर्तन गर्न वा थप गर्न आवश्यक देखिएमा विभागलाई समयमा नैं जानकारी गराउने।

(च) एकद्वार प्रणालीमा आवद्व रहने कर्मचारीहरुको विवरण उपलब्ध गराउने ।

(छ) अनधिकृत व्यक्तिलाई एकद्वार प्रणालीको पहुँचमा निषेध गर्ने ।

(ज) प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यक प्राविधिक सहयोग गर्ने ।

(झ) प्रणालीको कार्यान्वयनको सिलसिलामा आवश्यक हुने निरन्तर सम्वादका लागि प्रणालीको कार्यान्वयनमा आवद्व कर्मचारीलाई सम्पर्क व्यक्ति (Focal Person) को रुपमा व्यवस्था गर्ने ।

(ञ) विभागले उपलब्ध गराएको प्रणाली, विभिन्न किसिमको हार्डवेयर, उपकरण, फर्निचर तथा अन्य सामाग्रीहरु सुरक्षित राख्नुका साथै त्यस्ता सामग्री प्रणालीको कार्य प्रयोजनका लागि प्रयोग गर्ने ।

(ट) प्रणालीको सफल सञ्चालमा कुनै बाधा नपुग्ने गरी आवश्यक प्रबन्ध मिलाउने र प्रणाली सञ्चालनमा कुनै प्रकारको अवरोध हुन नदिन पहल गर्ने ।

(ठ) विभागसँग समय समयमा भएका समझदारीपत्र (MoU) मा व्यवस्था भए बमोजिमका अन्य कार्य गर्ने ।

१३. **<u>प्रचलित कानून बमोजिम हुने</u>** : यस निर्देशिकामा लेखिएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१४. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>** : यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा विभागका महानिर्देशकले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>** : विभागले अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

१६. **<u>प्रयोगकर्ता निर्देशिका (युजर म्यानुयल) बनाउन सक्ने</u>** : यस प्रणालीको प्रयोगलाई सहज र सरल बनाउन विभागले आवश्यकता अनुसार प्रयोगकर्ता निर्देशिका (युजर म्यानुयल) बनाउन सक्नेछ।

अनुसूची

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

**एकद्वार प्रणालीमा आबद्ध हुने सरोकारवाला निकायहरु**

(१) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(२) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(३) रक्षा मन्त्रालय
(४) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
(५) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(६) गृह मन्त्रालय
(७) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(८) नेपाल राष्ट्र बैंक
(९) महालेखा नियन्त्रक कार्यालय
(१०) भन्सार विभाग
(११) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
(१२) उद्योग विभाग
(१३) आन्तरिक राजस्व विभाग
(१४) राजस्व अनुसन्धान विभाग
(१५) सम्पति शुद्धीकरण अनुसन्धान विभाग
(१६) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
(१७) पशु सेवा विभाग
(१८) औषधी व्यवस्था विभाग
(१९) यातायात व्यवस्था विभाग
(२०) कन्सुलर सेवा विभाग
(२१) नेपाल गुणस्तर तथा नापतौल विभाग
(२२) वन तथा भू-संरक्षण विभाग
(२३) भू–गर्भ तथा खानी विभाग
(२४) विद्युत विकास विभाग
(२५) पर्यटन विभाग
(२६) अध्यागमन विभाग
(२७) पुरातत्व विभाग
(२८) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(२९) प्लान्ट क्वारेन्टाइन एवम विषादी व्यवस्थापन केन्द्र
(३०) कम्पनी रजिस्ट्रारको कार्यालय
(३१) प्रमाणीकरण नियन्त्रकको कार्यालय
(३२) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र
(३३) नेपाल लगानी वोर्ड
(३४) वाणिज्य बैंकहरु
(३५) नेपाल दूरसंचार प्राधिकरण
(३६) नेपाल नागरिक उड्डयन प्राधिकरण
(३७) नेपाल इन्टरमोडल यातायात विकास समिति
(३८) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
(३९) नेपाल ट्रान्जिट वेयरहाउस कम्पनी
(४०) नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
(४१) घरेलु तथा साना उद्योग विभाग
(४२) नेपाल उद्योग वाणिज्य महासंघ
(४३) नेपाल उद्योग परिसंघ
(४४) नेपाल च्याम्बर अफ कमर्श
(४५) नेपाल फ्रेट फरवार्डर्स एशोसियशन
(४६) भन्सार एजेन्ट महासंघ
(४७) नेपाल हस्तकला महासंघ
(४८) चलचित्र विकास वोर्ड